शोध-संक्षेप

अंक ३४

असार २०७९ (June 2022)

# वैयक्तिक गोपनीयता सम्बन्धी कानून निर्माण प्रक्रिया र नीति छनोट

मार्टिन चौतारी

# वैयक्तिक गोपनीयता सम्बन्धी कानून निर्माण प्रक्रिया र नीति छनोट

शोध-संक्षेप, अंक ३४

मार्टिन चौतारी

## वैयक्तिक गोपनीयता सम्बन्धी कानून निर्माण प्रक्रिया र नीति छनोट

**यो शोध-संक्षेप उद्धृत गर्न :**

मार्टिन चौतारी। २०७९। *वैयक्तिक गोपनीयता सम्बन्धी कानून निर्माण प्रक्रिया र नीति छनोट*। शोध-संक्षेप अंक ३४। काठमाडौँ : मार्टिन चौतारी। Available at http://martinchautari.org.np/storage/files/Research-Brief-34_vaiyaktik-gopaniyata-sambandhi-kanun-nirman-prakriya-ra-niti-chhanaut.pdf

*प्रकाशक*

मार्टिन चौतारी

२७ जीतजंग मार्ग, थापाथली

पोष्ट बक्स नं. १३४७०, काठमाडौँ, नेपाल

फोन : +९७७-१-५३३८०५०/४१०२०२७

इमेल : chautari@mos.com.np

वेबसाइट : www.martinchautari.org.np

## परिचय

राज्यको ऐन-कानून-नीति निर्माणमा विभिन्न कर्ता (संस्था र व्यक्ति) संलग्न हुन्छन् । नीति अध्ययनमा यस्ता कर्तालाई "पोलिसी एक्टर" भनिन्छ, जसलाई नेपालीमा नीतिकर्ता भन्न सकिन्छ । मुख्यतः दुई थरि नीतिकर्ता हुन्छन् । पहिलो, सरकारी नीतिकर्ता, जसमा नीति तर्जुमा कार्यदल, सांसद, विषयगत समिति जस्ता संस्था पर्छन् । दोस्रो, गैरसरकारी नीतिकर्ता, जसमा नागरिक समाजका अवयव—गैरसरकारी संस्था, थिंक ट्यांक, अनुसन्धान संस्था, मिडिया, आदि पर्छन् । नेपालमा मिडिया सम्बन्धी नीति निर्माणमा अलि अघिसम्म सरकारी नीतिकर्ताकै मात्र हालीमुहाली हुन्थ्यो । तर पछिल्लो समय, खास गरी २०४६ सालपछि, गैरसरकारी नीतिकर्ताको संलग्नता पनि विस्तारै बढ्दै गएको छ (आचार्य सन् २०१३) । गैरसरकारी नीतिकर्ता आफैले नीति/ऐनको मस्यौदा निर्माण गरी सरकारलाई बुझाउनेदेखि सरकारी तवरबाट बनाउन लागिएका नीति/ऐनमा सुझाव तथा दबाब दिनेसम्मका काम गरिरहेको पाइन्छ । नीति निर्माण क्रममा आफूलाई संलग्न गराउन गैरसरकारी नीतिकर्ताले दबाब दिने र सोका लागि विचार/माग मिल्ने संस्थासँग सहकार्य गरी विभिन्न सञ्जाल बनाउने समेत देखिएको छ (हुमागाईं २०६२; उप्रेती २०७७; महर्जन सन् २०२२) । सरकारी र गैरसरकारी नीतिकर्ताको संलग्नताले प्रस्तावित ऐन/नीतिका विभिन्न बुँदा परिवर्तन भएको समेत पाइन्छ ।

यो शोध-संक्षेप वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को निर्माण प्रक्रियामा केन्द्रित छ । ऐनको पृष्ठभूमि केलाउँदा यो कानून बनाउने प्रयास पुस २०६३ देखि शुरू भएको पाइन्छ । तात्कालिक समयमा सूचनाको हक सम्बन्धी ऐन बनाउन काशीराज दाहालको संयोजकत्वमा एउटा कार्यदल बनाइएको थियो ।[१] सोही कार्यदललाई पछि गोपनीयताको हक सम्बन्धी कानूनको मस्यौदा समेत बनाउन कार्यादेश दिइयो ।[२] तर, त्यो कार्यदल मस्यौदा नबनाइकनै निष्कृय भयो (दाहाल २०६७) । त्यसपछि लामो समय यो कानून बनाउनेतर्फ कुनै प्रयास भएको देखिँदैन ।

[१] कार्यदलका अरू सदस्यमा राजेन्द्र दाहाल (सदस्य सचिव), मुरारी कुमार शर्मा, शिव गाउँले, तारानाथ दाहाल, बबिता बस्नेत र बालकृष्ण चापागाईं थिए ।

[२] तारानाथ दाहालसँग माघ २४, २०७८ मा गरिएको कुराकानी ।

वि.सं. २०७२ मा नयाँ संविधान आएपछि भने सरकारले गोपनीयता सम्बन्धी कानून बनाउन चासो लियो। संविधानमा उल्लिखित मौलिक हक सम्बन्धी कानूनहरू संविधान जारी भएको तीन वर्षभित्र बनाउनुपर्ने भएकाले सम्भवत: सरकार तातेको हुनुपर्छ। यसैक्रममा २०७३ असोजतिर सरकारले गोपनीयता सम्बन्धी कानून बनाउन नेपाल कानून आयोगका उपाध्यक्ष भेषराज शर्माको संयोजकत्वमा एउटा कार्यदल गठन गर्‍यो।[३] असार २२, २०७५ मा कार्यदलको बैठकले मस्यौदा पारित गरी गृह मन्त्रालयमा बुझायो (नेपाल कानून आयोग २०७५)। भदौ ४, २०७५ मा गृह मन्त्रालयको तर्फबाट यो विधेयक प्रतिनिधि सभामा दर्ता गरियो। त्यसपछि विधेयकबारे संसद्भित्र र बाहिर बहस-छलफल भए। अन्तत: असोज २, २०७५ मा प्रमाणीकरण भई विधेयकले कानूनको रूप लियो।

प्रस्तावनामा उल्लेख भए अनुसार यो कानून "व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखित, तथ्यांक, पत्राचार तथा चरित्र" को गोपनीयताको हक सुनिश्चित गर्ने उद्देश्यले बनाइएको हो। साथै, यस्तो वैयक्तिक सूचनाको संरक्षण तथा सुरक्षित उपयोगको प्रयोजनका लागि पनि यो कानून बनाइएको हो। यो ऐनले डिजिटल संसारमा हुने वैयक्तिक गोपनीयताको प्रावधानलाई पनि समेटेको छ। सरकारी र गैरसरकारी सूचना प्रविधि कम्पनीसँग रहेको व्यक्तिको गोप्य सूचनाको सुरक्षा अर्थात् "डेटा प्रोटेक्शन" सम्बन्धी केही प्रावधान पनि यसमा छ। त्यसैले, वैयक्तिक गोपनीयता सम्बन्धी यो कानून नेपालमा डिजिटल अधिकार बुझ्न सघाउने महत्त्वपूर्ण दस्तावेज समेत हो।

नेपालमा गोपनीयता सम्बन्धी यसअघि पनि केही अनुसन्धान भएका छन्। तीमध्ये एक थरिले कानूनमा उल्लिखित प्रावधानको मात्र विश्लेषण गरेका छन्। उनीहरूको मुख्य ध्यान कानूनमा के छ, के छैन, यसबारे कस्ता मुद्दा चले, यसको प्रयोगको क्रममा के-कस्ता व्यावहारिक कठिनाइ आए भन्नेमा केन्द्रित छ (रिजाल र शर्मा २०७८; इटनी २०७६)। अरू केहीले गोपनीयता र पत्रकारिताको सम्बन्ध, विशेष गरी गोपनीयताको हकको क्षेत्र र प्रेस स्वन्त्रताको दायराको अन्तर्सम्बन्ध

[३] कार्यदलका सदस्यहरू को-को थिए भन्ने थाहा पाउन सकिएन। संयोजक शर्माका अनुसार कार्यदलमा राष्ट्रिय सूचना आयोग, कानून मन्त्रालय, गृह मन्त्रालय र सञ्चार मन्त्रालयका प्रतिनिधि थिए। शर्मासँग वैशाख ११, २०७९ मा गरिएको कुराकानी।

र कठिनाइको अनुसन्धान गरेका छन् (दाहाल २०६७) । यो शोध-संक्षेपमा भने गोपनीयता सम्बन्धी कानून निर्माण प्रक्रियालाई पछयाउँदै त्यस दौरान प्रस्तावित नीति (विधेयक) मा भएका परिवर्तनको लेखाजोखा गरिएको छ ।

यो शोध-संक्षेपमा वैयक्तिक गोपनीयताको कानून निर्माणका क्रममा देखिएको नीति छनोटको विश्लेषण गरिएको छ । यस्तो नीति छनोट कानूनका विभिन्न मस्यौदामा रहेका प्रावधान अनि सरकारी र गैरसरकारी नीतिकर्ताले दिएका सुझाव वा गरेका तर्कका आधारमा हेरिएको छ । यस क्रममा कानूनको दुरुपयोगको सम्भावना, सार्वजनिक व्यक्तिको गोपनीयताको सीमा, सार्वजनिक हितका लागि गोप्य सूचनाको प्रयोगलाई सहज बनाउने जस्ता केही महत्त्वपूर्ण मुद्दामा गरिएको नीति छनोटलाई ध्यान दिइएको छ । यसका लागि मुख्यतः यो कानून बनाउन २०७३ मा कार्यदल बनेदेखि २०७५ भदौको अन्त्यमा विधेयक संसद्‌बाट पारित भएसम्मको प्रक्रियाबारे अध्ययन गरिएको छ । विभिन्न समयमा नीति तथा कानून निर्माणमा संलग्न सरकारी र गैरसरकारी नीतिकर्ताले तयार पारेका कानून र कानूनका मस्यौदामा भएका प्रावधानको पनि विश्लेषण गरिएको छ । यी सामग्रीका साथै प्रतिनिधि सभा र राष्ट्रिय सभामा विधेयकमाथि भएका छलफलको "भर्बेटिम" पनि हेरिएको छ । त्यस्तै, कानून निर्माणमा संलग्न सरकारी र गैरसरकारी नीतिकर्तासँग अन्तर्वार्ता गरिएको छ ।

यस संक्षेपको आउने खण्डमा सरकारी नीतिकर्ता र त्यसपछि गैरसरकारी नीतिकर्ताले यस कानूनका विभिन्न बुँदामा ल्याएको परिवर्तन र दिएका सुझावका आधारमा नीति छनोटको चर्चा गरिएको छ । अन्तिममा निष्कर्ष दिइएको छ ।

## सरकारी नीतिकर्ता र नीति छनोट

यो कानून बनाउने क्रममा कार्यदल, सांसद जस्ता विभिन्न सरकारी नीतिकर्ता संलग्न थिए । यो खण्डमा यी नीतिकर्ताको नीति निर्माणमा संलग्नता केलाउन खोजिएको छ ।

### *नेपाल कानून आयोग र गृह मन्त्रालय*

माथि नै भनियो, यो कानूनको शुरूको मस्यौदा नेपाल कानून आयोगको सक्रियतामा तयार पारिएको थियो । कानून आयोगको मुख्य काम नै कानूनको तर्जुमा, संशोधन

र पुनरावलोकन गर्नु हो (नेपाल सरकार २०६३) । आयोगको तर्फबाट गृह मन्त्रालयमा असार २२, २०७५ मा यो कानूनको मस्यौदा पेश गरिएको थियो । गृह मन्त्रालयबाट मन्त्रिपरिषद् हुँदै संघीय संसद् सचिवालयमा सो मस्यौदा पुग्यो र भदौ ४ मा संसद्मा दर्ता भयो ।

नेपाल कानून आयोगले गृह मन्त्रालयलाई बुझाएको र गृह मन्त्रालयले संसद्मा दर्ता गरेको मस्यौदाको अध्ययन गर्दा यी दुई नीतिकर्ताले गरेको नीति छनोट बुझ्न सकिन्छ । यहाँ शुरूको मस्यौदालाई पहिलो र संसद्मा दर्ता गरिएको मस्यौदालाई दोस्रो मानिएको छ । यी दुई मस्यौदाबीच भएको एउटा भिन्नता सार्वजनिक पद धारण गरेका व्यक्ति[४] ले सम्बन्धित निकायमा बुझाएको सम्पत्ति विवरणको गोप्यताबारे थियो । पहिलो मस्यौदामा *नेपाल राजपत्र*मा प्रकाशित सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति विवरण गोप्य राखिनु हुँदैन भनिएको थियो, जुन दोस्रो मस्यौदामा हटाइयो । त्यस्तै, पहिलो मस्यौदामै गोपनीयताको हकको संरक्षणबारे अनुगमन गर्ने र आवश्यक सुधारबारे सुझाव दिने निकायमा राष्ट्रिय सूचना आयोगलाई राखिएको थियो । यो दफा पनि दोस्रो मस्यौदाबाट निकालिएको थियो ।

मस्यौदामा गरिएका यी परिवर्तनले दुई सरकारी नीतिकर्ताले निश्चित विषयमा राख्ने फरक दृष्टिकोणलाई प्रस्ट्याउँछ । सार्वजनिक पद धारण गरेका व्यक्ति र सर्वसाधारण व्यक्तिको गोपनीयताको दायरा फरक हुन्छ भन्ने कानून आयोगले विश्वास गरेको देखिन्छ (नेपाल सरकार २०७५क) । त्यसै कारण सर्वसाधारणको सम्पत्तिको विवरण गोप्य हुने तर सार्वजनिक व्यक्तिको हकमा त्यो लागू नहुने प्रावधान पहिलो मस्यौदामा आयो । अर्कोतर्फ, गृह मन्त्रालयले भने सार्वजनिक व्यक्तिको सम्पत्ति विवरण समेत गोप्य हुनुपर्ने मान्यो । त्यस्तै, नेपाल कानून आयोगले गोपनीयताको अनुगमन गर्ने एउटा निकायको आवश्यकता देख्यो भने गृह मन्त्रालयले त्यस्तो आवश्यकता देखेन (नेपाल सरकार २०७५ख) । यी तथ्यले दुई नीतिकर्ताबीच गोपनीयताको विषयमा मतैक्य नभएको देखाउँछ ।

[४] यो संक्षेपमा सार्वजनिक पद धारण गरेको व्यक्तिलाई यसपछि सार्वजनिक व्यक्ति/पदाधिकारी पनि भनिएको छ ।

## *संसद् भित्रको बहस*

संघीय संसद्मा दर्ता भएको छ दिनपछि भदौ १० मा गोपनीयता सम्बन्धी विधेयक प्रतिनिधि सभामा प्रस्तुत गरिएको थियो । त्यसपछि भदौ १२ मा प्रतिनिधि सभामा विधेयकमाथि सामान्य/सैद्धान्तिक छलफल भयो । यस क्रममा गृहमन्त्री लगायत ११ जना सांसदले विधेयकले समेटेका विषयवस्तुबारे आफ्ना धारणा राखे ।[५]

सैद्धान्तिक छलफलमा भाग लिने बहुल सांसद्को सरोकार पनि सार्वजनिक पदमा भएको व्यक्ति र सर्वसाधारणको गोपनीयता फरक हुने-नहुने भन्ने विषय नै थियो । सार्वजनिक पद धारण गरेका व्यक्तिको गोपनीयताको दायरा सर्वसाधारण व्यक्तिको भन्दा साँघुरो हुने तर्क बहुसंख्यक सांसदको थियो । सत्ताधारी दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सांसद शेर बहादुर तामाङले आफू कानून मन्त्री हुँदा यो विधेयकमा काम गरिएको र हालको मस्यौदामा सार्वजनिक पदधारण गरेका व्यक्तिको सम्पत्ति विवरण सार्वजनिक गर्न कानूनले बाधा नपुऱ्याओस् भन्ने बुँदा हटाइएको जानकारी दिँदै यस्तो विवरण गोप्य राख्न नहुने जिकिर गरेका थिए । त्यस्तै, प्रतिपक्षी दल नेपाली काँग्रेस (नेकाँ) की सांसद पुष्पा भुसालले पनि सार्वजनिक व्यक्तिको विवरण गोप्य गरेकामा विरोध गरेकी थिइन् ।

केही सांसदले भने विवरण गोप्य हुनुपर्ने विचार राखे । नेकाँका सांसद भरत कुमार शाहले भने, "[सार्वजनिक पदाधिकारीको] सम्पत्ति सार्वजनिक गर्नैपर्छ भन्ने कहीँ हुँदैन । उसको [विवरण] सरकारले जहिले चाह्यो हेर्न सक्छ, अदालतले आदेश दिन सक्छ, अख्तियारले चाहे हेर्न सक्छ । उसको बैंक खाता राष्ट्र बैंकले चाहे हेर्न सक्छ । तर उसको कमाउने अधिकार वैयक्तिक अधिकार हो । त्यसलाई पनि हामीहरूले यताउता गर्न हुँदैन ।" त्यस्तै, सोही पार्टीका अर्का सांसद दिव्यमणि राजभण्डारीले यस्तो विवरण सार्वजनिक गर्न नहुने मात्र भनेनन् यसबाट त्यस व्यक्तिको सुरक्षामा समेत असर पुग्नसक्ने विचार राखे । सोही पार्टीकी अर्की सांसद पार्वता डी.सी.

[५] यो विधेयकमाथि भएको सैद्धान्तिक छलफलमा निम्न सांसदहरू सहभागी थिए : खगराज अधिकारी (नेकपा), शेर बहादुर तामाङ (नेकपा), कृष्णभक्त पोख्रेल (नेकपा), भरत कुमार शाह (नेकाँ), भीम बहादुर रावल (नेकपा), पुष्पा भुसाल (नेकाँ), सोमप्रसाद पाण्डेय (नेकपा), दिव्यमणि राजभण्डारी (नेकाँ), पार्वता डी.सी. चौधरी (नेकाँ), प्रेम सुवाल (नेपाल मजदुर किसान पार्टी) र राम बहादुर थापा (नेकपा) थिए । तात्कालिक समयमा थापा गृहमन्त्री थिए ।

(चौधरी) ले भ्रष्टाचार कम गर्न पनि यस्तो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ भनिन्। यी धारणाले गोपनीयता सम्बन्धमा पार्टीगतभन्दा पनि व्यक्तिगत अभिव्यक्ति आएको देखायो। दलीय हिसाबमा विचार विभाजन कम्तिमा छलफलको दौरान देखिएन।

यो विधेयकबारे संसद्मा बहस भइरहँदा मिडियामा भने प्रस्तावित कानूनले पत्रकारितालाई संकुचित पार्छ भन्ने विचार प्रवाह भएको थियो। तर, यो कोणबाट संसद्मा बहस भएको देखिएन। एकजना सांसदले त घुमाउरो पारामा सबै व्यक्तिको गोपनीयतालाई बचाउनुपर्ने भन्दै सर्वसाधारणको गोपनीयताको हक कायम गर्न कसैको मञ्जुरीबिना निजको फोटो खिच्न नहुने विधेयकमा गरिएको प्रावधान उचित भएको विचार व्यक्त गरेका थिए। बहस क्रममा आचार संहिताको पालना गरेर पत्रकारिता गर्दा गोपनीयता भंग नहुने बुँदा थप्न कुनै सांसदले सुझाव दिएको पाइएन।

### *विधेयकमा संशोधन*

विधेयकउपर सामान्य/सैद्धान्तिक छलफल पश्चात् विधेयकमा संशोधन पेश गर्ने क्रम शुरू भयो। प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १११ ले विधेयकमाथि सामान्य छलफल भएको ७२ घण्टामा प्रतिनिधिसभाका सचिवलाई संशोधनका लागि सूचना दिने व्यवस्था गरेको छ (संघीय संसद् सचिवालय २०७५)। यसै प्रावधान अनुसार यस विधेयकमा ३१ जना सांसदले कुल ९० ओटा संशोधनका लागि आफ्ना प्रस्ताव दर्ता गराए। ती संशोधन प्रस्तावमा उठाइएका केही महत्त्वपूर्ण विषयबारे यहाँ चर्चा गरिएको छ।

सर्वसाधारण र सार्वजनिक पदधारीको गोपनीयताको दायरा भिन्नाभिन्नै हुनुपर्छ भन्ने केही सांसदको प्रस्ताव थियो। यसका लागि विधेयकको दफा २ मा “सार्वजनिक पद धारण गरेको व्यक्ति” को परिभाषा थप्न धेरै सांसदले सुझाए। यस दफामा परेका १२ ओटा संशोधनमध्ये पाँच ओटा संशोधन यही विषयमा थिए। यस्तो सुझाव १५ जना सांसदले दिएका थिए। छ जना सांसदले दफा २ को उपदफा २(छ) मा निम्न प्रावधान थप्न संशोधन प्रस्ताव गरेका थिए :

"सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउँछ ।

केही सांसदले भने "सम्पत्तिको गोपनीयता हुने" भन्ने दफा १० मै सार्वजनिक निकायमा भएको व्यक्तिले सार्वजनिक गरेको विवरण गोप्य राख्न नहुने बुँदा राख्नुपर्ने जिकिर गरे । एक जना सांसदले त "प्रत्येक व्यक्तिलाई निजसँग सम्बन्धित वैयक्तिक तथ्यांक वा विवरण गोप्य राख्न पाउने अधिकार हुनेछ" भन्ने वाक्य अगाडि "सार्वजनिक निकायमा कार्यरत व्यक्ति बाहेक" भन्ने वाक्य थप्न संशोधन हालेका थिए । सार्वजनिक व्यक्तिको कुनै पनि वैयक्तिक विवरण गोप्य हुन सक्दैन भन्ने मान्यता ती सभासद्ले राखेको देखिन्छ । तर सार्वजनिक ओहोदामा रहने व्यक्तिको पनि केही वैयक्तिक कुरा गोप्य हुनुपर्छ भन्ने मान्यता अरू सांसदको थियो ।

पत्रकारिता गर्ने क्रममा सार्वजनिक पदाधिकारी र तिनका गतिविधि सम्बन्धमा जनमानसलाई सुसूचित गर्न यस विधेयकले रोक्न नहुने तर्क गर्दै केही सांसदले संशोधन दर्ता गरेका थिए । जस्तै, एक सांसदले दफा ११(४) को "लिखतको गोपनीयता हुने" प्रावधानमा पत्रकारले सार्वजनिक हितका लागि सार्वजनिक पदाधिकारीबारे जनतालाई सुसूचित गर्न सकिने कुरा थप्न सुझाएका थिए । अर्का दुई सभासद्ले "विद्युतीय माध्यमको गोपनीयता हुने" दफा १९ मा पत्रकारले सार्वजनिक चासोको विषयमा रेकर्ड गर्नसक्ने तर व्यक्तिको "नितान्त व्यक्तिगत जीवन" भने सार्वजनिक गर्न नहुने कुरा थप्न संशोधन हालेका थिए । त्यस्तै, अन्य छ जना सांसदले "प्रतिकूल असर नगर्ने" भन्ने दफा ३४ मा "सूचना विवरण, तथ्यांक र समाचार प्रकाशन तथा प्रसारण गर्न, लेख लेख्न र स्वस्थ आलोचना गर्न प्रतिकूल मानिने छैन" भन्ने स्पष्टीकरण थप्नुपर्ने सुझाएका थिए ।

थोरै सभासद्ले मात्र गोपनीयता सम्बन्धी केही प्रावधानलाई फौजदारी मुद्दा चलाउने लेखिएकामा त्यस्तो नगर्न संशोधन हालेका थिए। एकजना सांसदले मात्र कसूर तथा सजायको दफा २९ मा भएको यस्तो व्यवस्था हटाउन सुझाव दिएका थिए। यस्तो सुझाव गैरसरकारी नीतिकर्ताले प्रचारमा ल्याएका थिए। यस विषयबारे विस्तृतमा अर्को खण्डमा चर्चा गरिएको छ।

सांसदहरूले संशोधन गर्न चाहेका विषयलाई केलाउँदा विधेयकउपर सार्वजनिक रूपमा व्यक्त विभिन्न सुझावमध्ये केही दफामात्र सांसदहरूले पनि संशोधनयोग्य मानेको देखियो। माथि चर्चा गरिएझैँ, सम्बोधन गरिएका तीन ओटा महत्त्वपूर्ण विषयमा सार्वजनिक व्यक्तिको गोपनीयताको दायरा कम हुने, पत्रकारिता गर्न बाधा पुर्‍याउन नहुने र यस ऐन अन्तर्गत फौजदारी सजायलाई महत्त्व दिन नहुने थिए। तर, गैरसरकारी नीतिकर्ताले उठाएका मुख्यत: दुई विषय—गोपनीयताबारे नियामक निकायको व्यवस्था हुनुपर्ने तथा कानूनमा स्पष्टता नभएका कारणले झन् गोपनीयता भंग हुनसक्ने कुरालाई भने सांसदहरूले ध्यान दिएको पाइएन।

### *विषयगत समितिको प्रतिवेदन*

संसद्मा सैद्धान्तिक छलफलपछि विधेयकलाई विषयगत समितिमा पठाइयो। संसद्मा दर्ता गरिएका ९० ओटै संशोधनका प्रस्तावमाथि राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल गरिएको थियो।[६] समितिमा भएको छलफलको विस्तृत विवरण वा "भर्बेटिम" उपलब्ध हुन सकेन तर समितिले बुझाएको प्रतिवेदन भने प्राप्त भयो। यो प्रतिवेदनको विश्लेषणबाट सांसदले आफूले राखेको संशोधन प्रस्तावमाथि दफावार

[६] प्रतिनिधि सभा नियमावली, २०७५ अनुसार यस सभा अन्तर्गत दश छुट्टाछुट्टै समितिको व्यवस्था गरिएको छ। ती हुन् : १) अर्थ समिति २) अन्तर्राष्ट्रिय सम्बन्ध समिति ३) उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति ४) कानून, न्याय तथा मानव अधिकार समिति ५) कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति ६) महिला तथा सामाजिक समिति ७) राज्य व्यवस्था तथा सुशासन समिति ८) विकास तथा प्रविधि समिति ९) शिक्षा तथा स्वास्थ्य समिति र १०) सार्वजनिक लेखा समिति। यी दशमध्ये राज्य व्यवस्था तथा सुशासन समितिको कार्य क्षेत्रमा गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लोक सेवा आयोग र शान्ति प्रक्रिया (संघीय संसद् सचिवालय २०७५) रहेकाले यो समिति "शक्तिशाली" मानिन्छ।

छलफलपछि समितिले कुन कुरालाई उपयुक्त मान्यो भन्ने थाहा पाउन सकिन्छ। यस्तो प्रतिवेदनमा मुख्यत: के थप्ने वा के हटाउने भन्ने कुरा दिइएको हुन्छ।

प्रतिवेदनबाट सार्वजनिक व्यक्तिको गोपनीयताको दायरा सामान्य नागरिकको भन्दा साँघुरो हुने मानिएको देखिन्छ। प्रतिवेदनको शुरूतिरै सार्वजनिक पद धारण गरेको व्यक्तिको परिभाषा दिइएको छ। दफा २ मा सार्वजनिक व्यक्ति भन्नाले "सार्वजनिक निकायको कुनै पदमा निर्वाचित, मनोनित वा नियुक्त भई बहाल रहेको व्यक्ति सम्झनुपर्छ" भनिएको छ। त्यस्तै, दफा ३४ मा "बाधा पुऱ्याएको नमानिने" शीर्षकमा यस्ता व्यक्तिको निजी सम्पत्ति विवरण कानून बमोजिम सार्वजनिक गर्न मिल्ने थप्ने भनिएको छ।

त्यस्तै, सोही दफामा पत्रकारिता गर्न यस कानूनले बाधा नपुग्ने उल्लेख छ :

> छापाखाना तथा पत्रपत्रिका र राष्ट्रिय प्रसारण सम्बन्धी प्रचलित कानूनले निषेध गरेको कुरा बाहेक सार्वजनिक हित तथा पारदर्शिता कायम गर्ने वा अनुसन्धानमूलक पत्रकारिता गर्ने सिलसिलामा प्राप्त गरेको वा संकलन गरेको कुनै सूचना, जानकारी, तथ्यांक, समाचार, तस्वीर व्यक्तिको गोपनीयताको आधारभूत मान्यता प्रतिकूल नहुने गरी प्रकाशन वा प्रसारण गर्न वा कुनै किसिमले सार्वजनिक गर्न। (राज्य व्यवस्था तथा सुशासन समिति २०७५)

बृहत् छलफलपछि समिति सदस्य सांसदले के विषयलाई महत्त्व दिए, केलाई दिएनन् भन्ने यो प्रतिवेदनबाट थाहा हुन्छ। संशोधन हालिएका आवश्यक बुँदालाई मात्र राखेर समितिले प्रतिवेदन बनाएको अनुमान गर्न सकिन्छ। चाखलाग्दो कुरा, संशोधनको उपखण्डमा माथि चर्चा गरिएका तीन विषयमध्ये गोपनीयताको केही मुद्दा फौजदारी बनाउन नहुने तर्क भने मानिएको छैन। प्रतिवेदन पारित भएपछि सोही बमोजिम विधेयकमा हेरफेर हुने भएकाले समितिको प्रतिवेदन महत्त्वपूर्ण मानिन्छ।

भदौ ३० मा विषयगत समितिको प्रतिवेदनसहित विधेयकलाई संसद्मा स्वीकृतिका लागि पेश गरियो। यस क्रममा गृहमन्त्री सहित तीन जना सांसदले आफ्नो धारणा व्यक्त गरेका थिए। सांसद शेरबहादुर तामाङले संशोधनका क्रममा

सार्वजनिक पदमा रहेका व्यक्तिको विवरण सार्वजनिक गर्नुपर्ने कुरामा आफूले महत्त्व दिएको जिकिर गरे । त्यस्तै, अर्का सांसद प्रेम सुवालले सार्वजनिक निकायको परिभाषामा गैरसरकारी, म्यानपावर व्यवसायमा संलग्न, घर जग्गा कारोबारी र ठूलठूला ठेकेदारलाई पनि पार्ने गरी संशोधन गर्नुपर्ने जिकिर गरे । अन्तिममा आफ्नो कुरा राख्दै गृहमन्त्री रामबहादुर थापाले ३१ जना सांसदबाट हालिएका संशोधनमाथि गम्भीर छलफलपछि विषय समिति निष्कर्षमा पुगेको र गोपनीयताको हकलाई प्रत्याभूत गर्दा अपराधी/भ्रष्टाचारी सुरक्षित नहोऊन् भन्नेतर्फ विचार गरिएको बताए । त्यसपछि समितिको प्रतिवेदन सहित यो विधेयक पारित गरिएको थियो ।

प्रतिनिधिसभाले विधेयक स्वीकृत गरेको भोलिपल्ट यो विधेयक र समितिको प्रतिवेदन राष्ट्रिय सभाबाट पनि पारित गरियो । शुरूमा राष्ट्रिय सभा सदस्य ठगेन्द्र प्रसाद पुरीले यस विधेयकबारे सामान्य चर्चा गर्दै यो संविधान बनेको तीन वर्षभित्र कानून बनाउनुपर्ने भएकाले तयार गरिएको जानकारी दिँदै समर्थन गरे । त्यसपछि गृहमन्त्री राम बहादुर थापाले पनि संविधानको धारा २८ को मौलिक हक सुनिश्चित गर्न यो विधेयक ल्याइएकोले यो पारित गर्न अनुरोध गरे ।

यसरी यो विधेयक नियमित प्रक्रियाबाट संसद्मा दर्ता भएको एक महिना भित्रमा पारित गरिएको थियो । मौलिक हक जस्ता धेरै ओटा कानून तीन वर्षभित्र बनाइसक्नुपर्ने संवैधानिक बाध्यताका कारण पनि छोटो समयमै यो विधेयक पारित भएको हो । त्यसैले पनि संसद्मा यसबारे हुनुपर्ने जति बहस नभएको हुन सक्छ ।

## गैरसरकारी नीतिकर्ता र नीति परिवर्तन

गैरसरकारी नीतिकर्ता आफूसँग सम्बन्धित नीतिको विषयवस्तुबारे चासो राख्छन् । कुनै संस्थाले यस्ता नीति कानूनबारे विश्लेषण गरी सम्बन्धित निकायलाई सुझाव दिन्छन् । कतिपयले विद्यमान नीति कानून वा बन्न लागेका कानूनका मस्यौदामा आवश्यक परिमार्जनका लागि पैरवी गर्छन् र सरकारलाई दबाब दिन्छन् । यस खण्डमा गोपनीयता सम्बन्धी विषयमा सरोकार राख्दैआएका केही गैरसरकारी संस्थाले नीति निर्माणमा देखाएको संलग्नताबारे विश्लेषण गरिएको छ ।

असार २०७५ मा नेपाल सरकारले गठन गरेको कार्यदलले विधेयक तयार गरेपछि साउन २० मा सञ्चार अधिकारमा काम गर्ने तीन ओटा संस्था फ्रिडम फोरम, सूचनाको हकका लागि नागरिक अभियान र इन्टरनेट सोसाइटी नेपाल मिलेर "वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" उपर छलफल आयोजना गरेका थिए। फ्रिडम फोरमको वेबसाइटमा उपलब्ध समाचारका अनुसार त्यस कार्यक्रममा अधिवक्ता, मिडियाकर्मी र नागरिक समाजका प्रतिनिधिले भाग लिएका थिए। कार्यक्रममा फोरमका कार्यकारी निर्देशक तारानाथ दाहाल र सूचनाको हकका विज्ञ रामकृष्ण तिमल्सिनाले नेपाल कानून आयोगले तयार गरेको उक्त विधेयकले वैयक्तिक विवरणको सुरक्षाको मुद्दालाई कम महत्त्व दिएको विचार व्यक्त गरेका थिए (फ्रिडम फोरम सन् २०१८)।

यो कार्यक्रम आयोजना गरिँदासम्म विधेयक संसद्मा दर्ता भइसकेको थिएन। त्यस बेला यो प्रस्तावित कानूनबारे मिडियामा बहस पनि भएको थिएन। त्यसैले प्रस्तावित कानूनबारे समाजमा बहस होस् भन्ने हेतुले यो कार्यक्रम गरिएको आयोजक संस्थाको भनाइ थियो। कार्यक्रममा भएको बहसलाई समेत समेटेर यस कार्यक्रमपछि यी तीन ओटै संस्थाको नाममा प्रारम्भिक टिप्पणी र सुझाव तयार गरिएको थियो, जुन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा बुझाइएको थियो (फ्रिडम फोरम, सूचनाको हकका लागि नागरिक अभियान र इन्टरनेट सोसाइटी नेपाल २०७५)। फ्रिडम फोरमको वेबसाइटमा रहेको तीन पेजको सुझावको अन्तमा यस विधेयकबारे विस्तृत प्रतिवेदन बुझाउने भनिएको थियो। त्यस्तो प्रतिवेदन फ्रिडम फोरम एक्लैले भदौ २१, २०७५ मा बुझाएको थियो (फ्रिडम फोरम २०७५)। सो प्रतिवेदन (सुझाव पत्र) मा भने संसद्मा दर्ता गरिएको विधेयकको मस्यौदाको विश्लेषण गरिएको थियो। यसमा मस्यौदाको प्रावधान, त्यसमाथि टिप्पणी र अन्तमा सुझाव गरी तीन महल बनाइएको छ। प्रतिवेदनमा छ ओटा विषयबारे विस्तृतमा उल्लेख छ, जसबारे तल चर्चा गरिन्छ।

पहिलो, सार्वजनिक ओहोदामा रहेका व्यक्ति र सर्वसाधारणको गोपनीयतालाई अलग ढंगले हेरिनुपर्ने। "सार्वजनिक पद धारणा गरेको व्यक्तिको हकमा सम्पत्तिको गोपनीयता हुनुहुँदैन। उसको सम्पत्ति विवरण सार्वजनिक" हुनुपर्छ" भन्ने जिकिर

प्रतिवेदनमा गरिएको छ। त्यसैले बुँदा ९ मा सार्वजनिक ओहोदामा रहेका व्यक्तिलाई अरू सरह व्यक्तिगत सूचना र तथ्यांकको गोपनीयताको हक दिँदा ती व्यक्ति पारदर्शी र उत्तरदायी नभई अलोकतान्त्रिक चरित्रका हुनसक्ने जिकिर गरिएको छ। दफा १०(४) मा "कुनै कसुरको अनुसन्धानको सिलसिलामा अधिकारप्राप्त अधिकारीको आदेश बमोजिम सम्पत्ति विवरण माग भएको वा कुनै व्यक्तिका विरुद्धमा सोही विषयमा परेको मुद्दाका सन्दर्भमा अदालतबाट माग भएको अवस्थामा सम्पत्ति विवरण अभिलेख राख्ने सम्बन्धित निकाय, संगठित संस्था वा अधिकारीले सोको अभिलेख उपलब्ध गराउनुपर्नेछ" भनिएको थियो। कसुरको सन्दर्भमा यस्तो विवरण बाहिर ल्याउन सकिने प्रावधान काफी नभएको टिप्पणी प्रतिवेदनमा गरिएको छ। थप सुझाव दिइएको छ :

> प्रचलित कानूनबमोजिम सार्वजनिक पद धारण गरेको मानिने कुनै पदाधिकारीले कानूनबमोजिम पेश गरेको सम्पत्ति विवरण प्रचलित कानून बमोजिमबाहेक सार्वजनिक गर्न हुँदैन। तर, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको पदाधिकारीले पेश गरेको सम्पत्ति विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन भन्ने प्रावधान थप गर्न जरुरी छ।

सावर्जनिक निकायमा रहेका यस्ता सार्वजनिक व्यक्तिको सम्पत्ति विवरण महत्त्वपूर्ण सूचना हो। यस्तो सूचना सर्वसाधारणले पाउने अधिकार सूचनाको हक सम्बन्धी कानूनले गरेको छ। यस्तो खुलासा सार्वजनिक हितभित्र पर्छ, जसले पारदर्शिता र खुलापनको सिद्धान्त बोकेको हुन्छ (आर्टिकल-१९, फ्रिडम फोरम र नेपाल पत्रकार महासंघ सन् २००८)।

प्रतिवेदनमा उल्लिखित दोस्रो विषय पत्रकारिता वा अनुसन्धान कार्यलाई यस कानूनले रोक्न नहुने सम्बन्धी थियो। प्रतिवेदनको बुँदा १० मा यस्तो कार्य गर्दा सार्वजनिक निकायमा रहेको सूचना र तथ्यांकको प्रयोग गर्नुपर्ने हुँदा मस्यौदामा भएको प्रावधान बाधक रहेको भनिएको छ। प्रस्तावित कानूनको "निगरानी वा जासुसी गर्न नहुने" भन्ने दफा २१ मा "कुनै व्यक्तिको आवास वा कुनै कार्यालयको निगरानी वा जासुसी गर्न वा यस ऐन बमोजिम गोप्य हुने कुरा प्राप्त गर्ने उद्देश्यले कुनै विद्युतीय

माध्यम, फोटोग्राफी वा कुनै तरिका प्रयोग गर्न हुँदैन" भनिएको छ । यस्ता तरिका प्रयोग गर्ने कुरालाई गैरसरकारी नीतिकर्ताले पत्रकारिता र अनुसन्धानसँग जोडेरे आपत्ति जनाएका हुन् । त्यसैले "पत्रकारिता (अनुसन्धानमूलक) गर्ने प्रयोजनलाई अप्ठ्यारो पर्नसक्ने हुनाले यसलाई केही सीमा सहितको बनाउनुपर्छ" भन्ने सुझाव उक्त प्रतिवेदनमा छ । त्यसपछि "अनियमितता, भ्रष्टाचारजन्य वा गैरकानूनी कार्यबाट आम नागरिकलाई सुसूचित गराउन र केही कुराको खुलासा र खोज गर्ने उद्देश्यले गरेको निगरानीलाई अनुमति दिइनुपर्छ" भन्ने सुझाव दिइएको छ ।

प्रतिवेदनमा प्रयोग गरिएको शब्दावलीले गैरसरकारी नीतिकर्ताले सबै व्यक्तिको आवास वा कार्यालयमा निगरानी गर्न पाइन्छ भनेको देखिँदैन । बरु पत्रकारिताको धर्म निर्वाह गर्न मात्र यस्तो कार्य गर्न सकिने भनिएको छ । पत्रकार आचार संहितामा पनि सर्वसाधारणको गोपनीयता भंग गर्न नहुने कुरा उल्लेख छ (प्रेस काउन्सिल नेपाल २०७६) ।

तेस्रो विषय व्यक्तिगत सूचनाको सुरक्षालाई महत्त्व दिनुपर्ने भन्ने थियो । यस विषयमा प्रारम्भिक सुझावमा सके व्यक्तिगत सूचनाको सुरक्षाबारे छुट्टै कानून बनाउनुपर्ने, नभए यसबारे "विस्तृत र प्रस्ट प्रावधान" थप गरिनुपर्ने भनिएको छ । विधेयकको दफा २५ मा सार्वजनिक निकायमा भएको वैयक्तिक सूचनाको सुरक्षा गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसमा "त्यस्तो सूचनाको अनधिकृत उपयोग, हेरफेर, खुलासा, प्रकाशन वा प्रसारण विरुद्ध हुनसक्ने जोखिमका विरुद्ध सुरक्षाको उपयुक्त प्रबन्ध" गर्नुपर्छ भनिएको छ । त्यस्तै, यस्ता निकायले प्रचलित कानून बमोजिम भने वैयक्तिक सूचना खुलासा गर्नसक्ने पनि भनिएको छ । यो प्रावधान पर्याप्त नभएको तर्क गर्दै "यस ऐनमा सूचना संरक्षणको प्रावधान राख्दा न गोपनीयताको व्याख्यालाई न्याय दिएको छ न राम्ररी सूचनाको संरक्षणको धारणालाई समावेश गर्न सकेको छ" भनिएको छ । त्यसैले "यो ऐनले गोपनीयतालाई मात्र सम्बोधन गर्नुपर्छ र सूचनाको संरक्षण सम्बन्धी छुट्टै ऐन बनाउनुपर्छ"—फ्रिडम फोरमको प्रतिवेदनले सुझाएको छ ।

गैरसरकारी र सरकारी निकायले व्यक्तिको डिजिटल सूचना निरन्तर संकलन र प्रशोधन गरिरहेको परिप्रेक्ष्यमा यसरी वैयक्तिक सूचनाको सुरक्षाको विषय यस कानूनबाट

हटाएर छुट्टै कानून बनाउन सुझाव दिइएको छ । यसरी संकलित सूचनाको संरक्षण, जथाभावी पहुँच, दुरुपयोग भए क्षतिपूर्ति जस्ता विषयलाई समेटी आवश्यक कानून बनाउन २०७२ मा सर्वोच्च अदालतले निर्देशन दिएको थियो (नेपाल कानून पत्रिका २०७४) । भारतमा पनि जुलाई २०१७ मै "पर्सनल डेटा प्रोटेक्शन" बिल बनाउने काम शुरू भएको थियो (धपोला सन् २०१८) । त्यसैले नेपालमा पनि व्यक्तिगत सूचनाको सुरक्षालाई ध्यान दिन गैरसरकारी नीतिकर्ताले सुझाव दिएको हुन सक्छ ।

प्रतिवेदनमा उठाइएको चौथो विषय अदालतको निर्णय वा कानूनले अख्तियार दिएको निश्चित व्यक्तिबाट मात्र नागरिकको गोपनीयता भंग हुनसक्ने सम्बन्धमा थियो । विधेयकको दफा १३(३) मा सम्बन्धित व्यक्तिको मन्जुरीमा वा फौजदारी अभियोगका क्रममा कानूनले तोकेको "अधिकारप्राप्त अधिकारी" को आदेशले "कुनै पनि व्यक्तिको चिठ्ठीपत्र, पत्राचार वा विद्युतीय पत्र (इमेल) वा विद्युतीय माध्यमबाट प्रवाह हुने संवाद वा त्यस्तै प्रकृतिका अन्य पत्राचार उपलब्ध गर्न वा गराउन सकिनेछ" भनिएको छ । यो व्यवस्थाका कारण विधेयकमा उल्लिखित "अधिकारप्राप्त अधिकारी" ले झन् गोपनीयताको हक संकुचन गर्ने सम्भावना भएको उल्लेख प्रतिवेदनमा गरिएको छ । "त्यस्तो अधिकारी कुन निकायको, कुन तहको को हुने हो, र सो अधिकारीले कुन सीमामा रहेर नियामकको दायित्व पूरा गर्नसक्ने हो भन्ने स्पष्ट" छैन भनिएको छ । साथै, यस्ता अधिकारीलाई यस प्रावधानले सूचना सार्वजनिक गर्ने असीमित अधिकार दिएको पनि प्रतिवेदनमा भनिएको छ । आफ्नो मातहतमा रहेको सूचना संरक्षण र यसबाट नकारात्मक प्रभाव नहुने कुरामा अधिकारी होशियार रहने गरी यो दफा संशोधन गर्न सुझाव दिइएको छ ।

यसबाट गैरसरकारी नीतिकर्ताको ध्यान "अधिकारप्राप्त अधिकारी" ले असीमित अधिकार प्रयोग गर्न नपाओस् भन्नेमा देखिन्छ । फ्रिडम फोरमका तारानाथ दाहालका अनुसार सूचनाको हकसम्बन्धी कानूनले दिएको अधिकारलाई कुण्ठित गर्न यो कानूनको तर्जुमा गरिएको थियो ।[७] प्रमाणीकरण गरिएको ऐनमा "अधिकारप्राप्त अधिकारी" धेरै ठाउँमा उल्लेख गरिएको छ । तर यसभित्र को-को पर्छन् भन्ने परिभाषा गरिएको छैन, जसका कारण वैयक्तिक गोपनीयता भंग हुने खतरा थपिएको छ (महर्जन

[७] तारानाथ दाहालसँग माघ २४, २०७८ मा गरिएको कुराकानी ।

सन् २०२१) । यसरी कानूनले परिभाषा नगरेको अधिकारीलाई सो अधिकार दिँदा वैयक्तिक गोपनीयता भंग हुनसक्ने आशंका गैरसरकारी नीतिकर्ताको देखिन्छ ।

प्रतिवेदनले दिएको पाँचौँ सुझाव हो, गोपनीयताको विषय फौजदारी हुन नहुने सम्बन्धी व्यवस्था । फौजदारी मुद्दामा सरकार वादी हुन्छ भने देवानीमा व्यक्ति वादी हुने चलन छ । गोपनीयता कानून मुख्यत: वैयक्तिक गोपनीयतासँग जोडिएकाले यस्तो भनिएको थियो । विधेयकको दफा २९(३) मा यसबारे केही कसुरमा नेपाल सरकार वादी हुने र ती कसूर "फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ" भनिएको छ । उल्लिखित कसुरमध्ये पहिलो कसुर, व्यक्तिको मञ्जुरीबिना उसको जीउ वा उसको साथमा रहेको वा उसले प्रयोग गरेको वस्तुको तलासी गर्नु भनिएको थियो । दोस्रो कसुर, व्यक्तिको चरित्र र सामाजिक प्रतिष्ठामा आँच पुऱ्याउने गरी मञ्जुरीबिना तस्वीर खिच्न वा तस्वीरको दुरुपयोग गर्नु रहेको थियो । तेस्रो कसुर, व्यक्तिको निवास वा कार्यालयमा प्रविधि प्रयोग गरी निगरानी वा जासुसी गर्नु, सार्वजनिक स्थल वा व्यक्तिको आवासमा अनुमतिबिना ड्रोन प्रयोग गर्नु उल्लेख थियो । चौथो कसुर, डेटा संरक्षणबारे थियो । यस अन्तर्गत कानून बमोजिम बाहेक अरूले व्यक्तिको "वैयक्तिक सूचना संकलन, भण्डारण, संरक्षण, विश्लेषण, प्रशोधन वा प्रकाशन गर्न हुँदैन" भनिएको थियो । त्यस्तै, यस्तो विवरण संकलन गर्दा कुन प्रयोजनका लागि यस्तो गरिएको भनेर जानकारी दिनुपर्ने प्रावधान थियो ।

माथि उल्लिखित धेरै विषय व्यक्तिको वैयक्तिक गोपनीयतासँग सम्बन्धित विषय हो । त्यसैले, यस्तो विषयलाई फौजदारी कानूनको विषय नबनाई देवानी कसुर अन्तर्गत राखिनुपर्ने भन्ने प्रतिवेदनमा उल्लेख छ । सरकार वादी हुँदा कसुर प्रमाणित नभए पनि प्रहरीले पुर्पक्षका लागि थुनामा राख्नसक्ने हुँदा अनावश्यक रूपमा अभियुक्तले दु:ख नपाओस् भन्ने उद्देश्यले यस्तो प्रस्ताव गरिएको देखिन्छ ।

प्रतिवेदनले सुझाएको छैटौँ विषय थियो—नियामक निकायको व्यवस्था । यसबारे प्रतिवेदनको बुँदा नं १३ मा कानूनको मस्यौदामा गोपनीयता सम्बन्धी कुनै नियामक निकायको व्यवस्था नगरिएको भनिएको छ । हुन त प्रारम्भिक मस्यौदा विधेयकमा राष्ट्रिय सूचना आयोगलाई अनुगमनको जिम्मा दिइएको थियो । तर यो पर्याप्त नभएकोले "गोपनीयताको हक सुरक्षासँग सम्बन्धित गुनासो र उजुरी सुनवाई गर्न एक

स्वतन्त्र संयन्त्र आवश्यक देखिन्छ" भनी प्रतिवेदनले औँल्याएको थियो। विधेयकको दफा २ मा उल्लिखित "निजको आपराधिक पृष्ठभूमि वा निजले फौजदारी कसुरमा सजाय पाएको वा कसुर भुक्तान गरेको विवरण" लाई वैयक्तिक सूचना अन्तर्गत राखेको थियो। यस सन्दर्भमा व्यक्तिको पृष्ठभूमिको सूचना सार्वजनिक गर्ने कुरामा उसलाई समाजमा सम्मानपूर्वक जीवनयापन गर्न नकारात्मक असर पर्न नहुने भन्ने टिप्पणी गरिएको छ। साथै, आमजनतालाई अपराधीविरुद्ध सचेत गराउन यस्तो सूचना बाहिर आउनुपर्ने पनि भनिएको छ। तर कस्तो व्यक्तिको आपराधिक पृष्ठभूमि बाहिर ल्याउन हुने र कस्तो व्यक्तिको नहुने हो भन्ने परीक्षणका लागि "स्वतन्त्र नियमनकारी निकाय ऐन अन्तर्गत नै गठन हुनुपर्छ" भन्ने सुझाव पनि गैरसरकारी नीतिकर्ताले दिएका थिए। यो अधिकारको हनन धेरैजसो निजी क्षेत्रबाट हुने भएकाले पनि यस्तो नियामक निकायको आवश्यकता भएको हो (दाहाल २०७८)। गोपनीयता सुरक्षाका लागि विभिन्न देशमा गोपनीयता आयोग वा "डेटा प्रोटेक्शन" आयोग वा "डेटा कन्ट्रोलर" जस्ता निकायको व्यवस्था गरिएको हुन्छ।

संसद्को विषयगत समितिमा यस विधेयकबारे दफावार छलफल भइरहेको बेलामा फ्रिडम फोरमको यो सुझाव पत्र बाहिर ल्याइएको थियो। विधेयकबारे बहस गर्ने त्यो उपयुक्त समय पनि थियो। फ्रिडम फोरमबाट यो सुझाव पत्र निर्माणमा संलग्न सञ्जीव घिमिरेका अनुसार यो पत्र संसद्मा सत्ता पक्ष, प्रतिपक्ष र सम्बन्धित व्यक्तिलाई सकेसम्म भेटेर र भेट नभए संसद्मा रहेको उनीहरूको "पिजन होल" मा राखिएको थियो।[८] त्यस बेला विधेयकको सुधारका लागि नेपाल कानून आयोग, कानून मन्त्रालय र सम्बन्धित संसदीय समितिमा यो पत्र बुझाइएको मात्र थिएन, फोरमका प्रतिनिधिले यसै पत्रका आधारमा पत्रपत्रिकामा लेख समेत लेखेका थिए र रेडियो/टिभीको कार्यक्रममा विचार व्यक्त गरेका थिए (फ्रिडम फोरम सन् २०१९)।

संसद्बाट पारित भई प्रमाणीकरण गरिएको कानूनमा यी गैरसरकारी नीतिकर्ताले उठाएका विषय थोरबहुत सम्बोधन भएको देखिन्छ : सार्वजनिक निकायमा रहेका व्यक्तिको र सर्वसाधारणको गोपनीयता छुट्ट्याउनुपर्ने र पत्रकारिता वा अनुसन्धान कार्यलाई यस कानूनले रोक्न नहुने दुई कुरालाई कानूनमा आत्मसात गरिएको

[८] सञ्जीव घिमिरेसँग चैत २९, २०७८ मा गरिएको कुराकानी।

पाइन्छ (नेपाल सरकार २०७५ग) । पहिलो विषयमा सांसदहरूले नै पनि चासो लिएको उल्लेख भैसकेको छ । नेपाल पत्रकार महासंघ र मिडियाले दोस्रो विषयमा चासो लिएको थियो । भदौ ५ मा महासंघको तर्फबाट तयार गरिएको "प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी गोदावरी घोषणा-पत्र" मा पत्रकारिताको स्वतन्त्र अभ्यासलाई बाधा पुऱ्याउने भन्दै यो विधेयकको विरोध गरिएको छ (नेपाल पत्रकार महासंघ २०७५) । त्यस्तै, यो विधेयकलाई प्रेसमाथि अंकुश लाउन ल्याइएको भन्ने प्रचार मिडियाले गरेको थियो (श्रेष्ठ र मिश्र २०७५) । विषयगत समितिले बुझाएको प्रतिवेदनका आधारमा राखिएको कानूनको दफा ३४ मा छापाखाना, पत्रपत्रिका र प्रसारण सम्बन्धी कानूनले निषेध नगरेको कुराबारे पत्रकारले सार्वजनिक गर्न मिल्ने उल्लेख छ । तर, फ्रिडम फोरम लगायत अरूले दिएका बाँकी चार ओटा सुझावलाई भने वास्ता गरिएन । न डेटा संरक्षणका बुँदा हटाउनुपर्ने सुझाव नै ग्रहण गरियो ।

गैरसकारी नीतिकर्ताले सुझाएका माथि उल्लिखित छ ओटा नीति छनोटको विश्लेषण गर्दा कानूनले संविधान प्रदत्त अन्य अधिकार हनन गर्नु हुँदैन भन्ने उनीहरूको विश्वास देखिन्छ । उनीहरूले सुझाएका दुई विषयमा सरकारी नीतिकर्ताको मतैक्य देखियो । तर चार ओटा विषयमा दुई थरि नीतिकर्ताको विचार मिलेन । गैरसरकारी नीतिकर्ताको सुझावलाई सरकारी नीतिकर्ताले नमान्नुको एउटा कारण अघिल्लोप्रति पछिल्लोको संशय हुनसक्ने बताइन्छ । बाह्य "दाता" को चासो सम्बोधन हुने गरी गैरसरकारी नीतिकर्ताहरू मुद्दा उठाइरहेका छन् भन्ने शंका सरकारी नीतिकर्ताले गर्छन् ।[९] तथापि, मिडियामा बढी प्रचार भएको र मिडियाको मूल चासोका दुई विषय सम्बोधन भएकाले गैरसरकारी नीतिकर्ताको भूमिका पनि बलियै रहेको देखिन्छ ।

## निष्कर्ष

मौलिक हकसँग सम्बन्धित सबै कानून संविधान जारी भएको तीन वर्षभित्र बनाइसक्नुपर्ने समयसीमा तोकिएकाले वैयक्तिक गोपनीयता सम्बन्धी कानून निर्माणको काम अगाडि बढेको हो । असोज २०७३ मा यो कानून बनाउन कार्यदल

[९] वैशाख २०, २०७९ मा मार्टिन चौतारीले आयोजना गरेको "वैयक्तिक गोपनीयता कानून निर्माण प्रक्रिया र नीति परिवर्तन" शीर्षकको छलफलमा अधिवक्ता टंक अर्यालद्वारा व्यक्त विचार ।

बनाइए पनि नेपाल कानून आयोगले करिब दुई वर्षपछि मात्र मस्यौदा बनायो । र, सम्बन्धित मन्त्रालयले संसद्मा बुझाएको एक महिनाभित्रै प्रक्रिया पुऱ्याएर यो कानून पारित भयो । तर हतारमा कानून बनाउँदा सरोकारवालाहरूबीच पर्याप्त छलफल हुन नपाएको र निष्कर्षमा पुग्न नसकिएको तथ्य यो कानूनमा सरोकारवालाहरूले उठाएको महत्त्वपूर्ण विषय छुट्न पुगेकोबाट प्रस्ट हुन्छ ।

नीति निर्माण प्रक्रियाका क्रममा भएको नीति छनोटको अध्ययनबाट नीतिकर्ताको उद्देश्य वा मनसाय थाहा पाउन सकिन्छ । शुरूमा गोपनीयता सम्बन्धी कानूनको मस्यौदा बनाउने क्रममा सार्वजनिक पदाधिकारीले घोषणा गरेको सम्पत्ति विवरण गोप्य नहुने प्रावधान नेपाल कानून आयोगले तयार गरेको मस्यौदा विधेयकमा राखियो । त्यस्तै, गोपनीयताको अनुगमन गर्ने काम राष्ट्रिय सूचना आयोगलाई दिनुपर्ने प्रावधान पनि मस्यौदामा राखियो । तर, गृह मन्त्रालयले थप कार्यार्थ संसद्तर्फ मस्यौदा पठाउँदा यी दुवै प्रावधान हटाइए । यसले कानून आयोग र गृह मन्त्रालय जस्ता दुई सरकारी नीतिकर्ताबीच केही विषयमा वैचारिक मतैक्य नरहेको देखाउँछ ।

सार्वजनिक पद धारण गरेका व्यक्ति र सर्वसाधारण नागरिकको गोपनीयताको विषयलाई फरक तरिकाले हेर्नुपर्ने धारणा सो विधेयकमाथि छलफलको क्रममा बहुल सांसदले व्यक्त गरेका थिए । त्यस्तै, पत्रकारको कार्यलाई गोपनीयताको कानूनले कुण्ठित गर्न नहुने मान्यता पनि सांसदहरूको थियो । संसद्मा भएका बहस र सुझाइएका संशोधनले सार्वजनिक पदाधिकारीको वैयक्तिक विवरण गोप्य राख्न नहुने पक्षमा अभिमत देखियो, र सोही अनुरूप कानूनमा व्यवस्था गरियो । थप, पत्रकारिता गर्न यो कानूनले नरोक्ने भयो ।

गैरसरकारी नीतिकर्ताको मुख्य ध्यान संविधानले दिएको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक सम्बन्धी अधिकारको हनन नहोस् भन्ने देखिन्छ । मिडिया या पत्रकार महासंघ वा अन्य सार्वजनिक संस्थाले सुझाएका, र परिवर्तनका लागि "लबिइङ" गरेका केही बुँदा स्वीकारे पनि सबै बुँदा विधायकहरूले स्वीकारेनन् । यसले दुई थरि नीतिकर्ता बीचको वैचारिक भिन्नता प्रस्ट्याउँछ । साथै, बाहिरी गतिविधिबाट नीति परिवर्तनको गुञ्जायश भए पनि त्यसको सीमा रहेको र सरकारी पक्ष बलियो रहेको पनि यो समग्र प्रक्रियाको अध्ययनले देखाउँछ ।

यहाँ नीति/ऐन बन्ने क्रममा सबैले दिएको सुझाव ग्रहण गरी सुधार गरिनु पर्थ्यो भन्न खोजिएको होइन। कुन सुझाव ग्रहण गर्ने र कुन नगर्ने भन्ने निक्र्योल गर्ने अधिकारी सरकारी नीतिकर्ता हुन्। र, गैरसरकारी नीतिकर्ताको काम सरकारी नीतिकर्तालाई सुझाव दिने र आफ्नो माग वा सरोकारप्रति जनमत निर्माण गर्ने हो। तर, नीति निर्माणको समग्र प्रक्रियाको दौरान गरिएका नीति छनोटले नीतिकर्ताले कुन वैचारिक धरातलमा टेकेर कानूनमा निश्चित प्रावधान राखे भन्ने बुझाउँछ। त्यस्तै, नीतिमा न/समेटिएका सुझावका आधारमा कस्को सुझावलाई ग्रहण गरियो वा गरिएन भन्ने विषयले नीतिकर्ताहरूको वैचारिक मतैक्य वा मतभेद बुझ्न सघाउँछ।

## धन्यवाद

यो शोध-संक्षेप मार्टिन चौतारीका अनसुन्धाता हर्षमान महर्जनले तयार पार्नुभएको। यसका लागि उहाँलाई विशेष धन्यवाद छ। यसका विभिन्न मस्यौदा पढेर सझाव दिनहुने प्रत्यूष वन्त, लोकरञ्जन पराजुली, देवन्द्र उप्रेती, रुख गुरुङ, सन्जिला मोक्तान, सुरज राय, श्याम कुँवर, अर्जुन पन्थी र मस्यौदामाथि सुझाव सहित यसको सम्पादन गर्नुहुने देवराज हुमागाईं र लोकरञ्जन पराजुलीप्रति पनि आभारी छौँ। साथै, यसै अनसुन्धानमा आधारित रही मार्टिन चौतारीमा वैशाख २०, २०७९ मा भएको छलफलका क्रममा महत्त्वपूर्ण सुझाव दिनहुने सहभागीहरूलाई धन्यवाद छ। यो अनसुन्धान र प्रकाशनका लागि आर्थिक सहयोग उपलब्ध गराइदिने ओपन सोसाइटी फाउण्डेशनप्रति कृतज्ञ छौँ।

## सन्दर्भ सामग्री

आर्टिकल-१९, फ्रिडम फोरम र नेपाल पत्रकार महासंघ। सन् २००८। *नेपालको सूचनाको हकसम्बन्धी कानून माथिको टिप्पणी*। काठमाडौँ : आर्टिकल-१९, फ्रिडम फोरम र नेपाल पत्रकार महासंघ।

इटनी, कमलप्रसाद। २०७६। गोपनीयताको हकसम्बन्धी कानून र अभ्यास, सामान्य चर्चा। *भर्डिक्ट* १२ : २४–३२।

उप्रेती, देवेन्द्र। २०७७। विद्यालय शिक्षा सम्बन्धी नीति निर्माण प्रक्रियामा पेसागत संघ-संगठनको प्रभाव। *लोकतन्त्रमा नागरिक समाज : २५ वर्षको समीक्षा*।

हर्षमान महर्जन, देवराज हुमागाईं, प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेती, सं., पृ. ३८९–४१६ । काठमाडौँ : मार्टिन चौतारी ।

दाहाल, तारानाथ । २०६७ । *गोपनीयताको हक र प्रेस स्वतन्त्रता* । काठमाडौँ : प्रेस काउन्सिल नेपाल ।

दाहाल, तारानाथ । २०७८ । गोपनीयताको हक र हद । *ईकान्तिपुर*, साउन ३० । https://ekantipur.com/opinion/2018/08/15/153429784885534138.html मा उपलब्ध; वैशाख ६, २०७९ मा हेरिएको ।

नेपाल कानून आयोग । २०७५ । *वार्षिक प्रतिवेदन* । काठमाडौँ : नेपाल कानून आयोग ।

नेपाल कानून पत्रिका । २०७४ । निर्णय नं. ९७४०-उत्प्रेषण/परमादेश । https://nkp.gov.np/full_detail/8741 मा उपलब्ध; वैशाख ५, २०७९ मा हेरिएको ।

नेपाल पत्रकार महासंघ । २०७५ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी गोदावरी घोषणा-पत्र । http://fnjnepal.org/np/news/98 मा उपलब्ध; वैशाख ६, २०७९ मा हेरिएको ।

नेपाल सरकार । २०६३ । *नेपाल कानून आयोग ऐन, २०६३* । https://www.lawcommission.gov.np /np/wp-content/uploads/2021/03/नेपाल-कानून-आयोग-ऐन-२०६३-लाई-संशोधन-गर्न-बनेको-विधेयक.pdf मा उपलब्ध; वैशाख ६, २०७९ मा हेरिएको ।

नेपाल सरकार । २०७५क । वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ । *वार्षिक प्रतिवेदन*, पृ. १९३–२१२ । काठमाडौँ : नेपाल कानून आयोग ।

नेपाल सरकार । २०७५ख । वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (दर्ता विधेयक) । https://web.archive.org/web/20180826201604/https://hr.parliament.gov.np/uploads/attachments/jikw2hi6q7ieha9g.pdf मा उपलब्ध; वैशाख ६, २०७९ मा हेरिएको ।

नेपाल सरकार । २०७५ग । वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (पारित विधेयक) https://web.archive.org/web/20181222220745/https://hr.parliament.gov.np/uploads/attachments/fngmfhjfjadedbot.pdf मा उपलब्ध; वैशाख ६, २०७९ मा हेरिएको ।

प्रेस काउन्सिल नेपाल । २०७६ । *पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन)* । https://www.presscouncilnepal.gov.np/np/2019/09/24/2476/ मा उपलब्ध; जेठ १०, २०७९ मा हेरिएको ।

फ्रिडम फोरम । २०७५ । वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'का केही विवादास्पद प्रावधानबारे विश्लेषण गरी फ्रिडम फोरमले तयार पारेको तीन महले टिप्पणी तथा सुझाव पत्र । https://freedomforum.org.np/policy/?cp=2# मा उपलब्ध; वैशाख ६, २०७९ मा हेरिएको ।

फ्रिडम फोरम, सूचनाको हकका लागि नागरिक अभियान र इन्टरनेट सोसाइटी नेपाल । २०७५ । वैयक्तिक गोपनीयताको हकसम्बन्धी मस्यौदा विधेयकमा प्रारम्भिक टिप्पणी र सुझाव । https://freedomforum.org.np/download/comments-on-privacy-bill-2075/?wpdmdl=3292 मा उपलब्ध; वैशाख ६, २०७९ मा हेरिएको ।

राज्य व्यवस्था तथा सुशासन समिति । २०७५ । वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन । https://nepalindata.com/media/resources/items/21/bhr21.pdf मा उपलब्ध; वैशाख ६, २०७९ मा हेरिएको ।

रिजाल, गोपालप्रसाद र सविता शर्मा । २०७८ । वैयक्तिक गोपनीयताको हक सम्बन्धी कानून र न्यायिक दृष्टिकोण । *मौलिक हक सम्बन्धी स्रोत सामग्री* । हरि प्रसाद जोशी, सं., पृ. ११६–१३८ । काठमाडौँ : महान्यायाधिवक्ताको कार्यालय ।

श्रेष्ठ, मकर र राजेश मिश्र । २०७५ । गोपनीयता सम्बन्धी विधेयकमा प्रेसमाथि झनै अंकुश । https://ekantipur.com/news/2018/08/23/153499464572922810.html मा उपलब्ध; वैशाख ६, २०७९ मा हेरिएको ।

संघीय संसद् सचिवालय । २०७५ । *प्रतिनिधि सभा नियमावली, २०७५* । काठमाडौँ : संघीय संसद् सचिवालय ।

हुमागाईं, देवराज । २०६२ । कानून, नीति तथा सरकारी रवैया । *रेडियो पत्रकारिता : एफएममा समाचार र संवाद ।* प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कोमल भट्ट र कृष्ण अधिकारी, सं., ८७–१३७ । काठमाडौँ : मार्टिन चौतारी ।

Acharya, Prakash. 2013. *The Making and Implementation of Media Policies in Nepal*. Kathmandu: Alliance for Social Dialogue.

Dhapola, Shruti. 2018. Personal Data Protection Bill 2018 Draft Submitted by Justice Srikrishna Committee: Here is What It Says. *The Indian Express*, July 28. Available at https://indianexpress.com/article/technology/tech-news-technology/personal-data-protection-bill-2018-justice-srikrishna-data-protection-report-submitted-to-meity-5279972/; accessed May 14, 2022.

Freedom Forum. 2018. Draft Bill on Privacy Receives Many Suggestions, Comments. Available at https://freedomforum.org.np/draft-bill-on-privacy-receives-many-suggestions-comments/; accessed April 18, 2022.

Freedom Forum. 2019. Annual Report. Available at https://freedomforum.org.np/publications/reports/annual-reports/#; accessed April 18, 2022.

Maharjan, Harsha Man. 2021. Safeguarding Privacy in the Digital World. *The Rising Nepal*, May 1, p. 4.

Maharjan, Harsha Man. 2022. No Policy without Us: Analysing Multistakeholderism in the Making of Media Policy Drafts in Nepal. *Journal of Digital Media & Policy* 13(1): 107–119.

सार्वजनिक संवाद र सार्वजनिक बहसको गुणस्तर उकास्नु मार्टिन चौतारीको शुरू देखिकै उद्देश्य हो। नेपालमा बहस र अन्तर्क्रियाको अभ्यास निकै कम हुने बेलामा स्थापित मार्टिन चौतारी अहिले पनि अनौपचारिक तर गहन सार्वजनिक छलफल गर्ने थलोका रूपमा देशभर परिचित छ। यहाँ सातामा दुई दिन विविध विषयमा छलफल हुन्छ। यस बाहेक सत्ता संरचनामा आइरहेको परिवर्तन, ज्ञान उत्पादनका स्थल र संस्थाका चरित्र र गतिविधि, र नेपाली समाजमा भइरहेको भौतिक रूपान्तरणका विभिन्न आयाम जस्ता विषयमा गणतान्त्रिक बहुलताको सन्दर्भमा र लैंगिक, भौगोलिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोण सहित चौतारीले अनुसन्धान गर्दै आएको छ। युवा अनुसन्धातालाई अनुसन्धानको व्यावहारिक प्रशिक्षण दिने काम (मेन्टरिङ) पनि चौतारीको अभिन्न पाटो हो।

अहिलेसम्म चौतारीले १०७ ओटा पुस्तक, ८५ ओटा सन्दर्भ सूची, ३३ ओटा शोध-संक्षेप/नीति-पत्र तथा विभिन्न अनुसन्धान प्रतिवेदन प्रकाशन गरिसकेको छ। सन् १९९६ देखि निरन्तर प्रकाशन हुँदै आइरहेको जर्नल *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* र सन् २००६ देखि प्रकाशन हुन थालेको *मिडिया अध्ययन* (सन् २०१६ देखि *समाज अध्ययन* नामकरण गरिएको) को सम्पादकीय गृह पनि चौतारी हो। सन् २००६ देखि मार्टिन चौतारीले अनुसन्धान पुस्तकालय र मिडिया डकुमेन्टेशन सेन्टर सार्वजनिक उपयोगका लागि खुला गरेको छ। पुस्तकालयमा २५ हजारभन्दा बढी पुस्तक छन्।

मार्टिन चौतारीका पाँच काम—छलफल, अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय—आपसमा अन्तरसम्बन्धित छन्। समष्टिमा यिनले सुसूचित संवाद र विश्लेषण मूलक अनुसन्धान मार्फत राज्य र नागरिक बीचको सामाजिक सम्बन्धलाई सबल पार्ने र समावेशी सार्वजनिक वृत्त विस्तार गर्ने चौतारीको मुख्य उद्देश्यलाई सघाइरहेका छन्।

**From**
Martin Chautari
27 Jeetjung Marg,Thapathali
GPO Box 13470
Kathmandu, Nepal
Tel: +977-1-4102027/5338050
Fax: +977-1-5340059
chautari@mos.com.np
www.martinchautari.org.np